# कुशे गाउँपालिका

## थर्पु भार्म, जाजरकोट

# आर्थिक वर्ष २०८०/०८१ को

# बजेट

२०८० साल आषाढ १०

# कुशे गाउँपालिकाको आ.ब. २०८०/०८१ को बजेट वक्तब्य

**गाउँ सभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

लामो संघर्ष, र त्यागबाट स्थापना भएको गणतन्त्र र नेपालको संबिधानले देखाएको दिशा मुताबिक आज म यस कुशे गाउँपालिकाको सातौँ वजेट सभा अर्थात चौधौँ गाउँसभाको सन्दर्भमा कुशे गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वजेट, योजना तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्सित छु । म आ.व. २०८०।०८१ को बजेट प्रस्तुत गर्दै गर्दा प्रजातन्त्र प्राप्तीका लागि ज्यान गुमाउने शहीदहरुलाई स्मरण गर्न चाहान्छु ।

कुशे गाउँपालिकाको समृद्धी र समग्र विकासका लागी गाउँपालिकाको वजेट, योजना तथा कार्यक्रम मार्फत समृद्ध र विकासशिल कुशे निर्माण गर्ने पथमा हिडाउने महत्वपूर्ण भुमिका खेल्न पाउँदा म व्यक्तिगत रुपमा गर्वको महसुस गर्दछु । साथै मेरो क्षमताले भ्याएसम्म कुशेको समग्र विकासको भाग्य रेखा कोर्नका लागी अहोरात्र खटि व्यक्तीगत जिवनका सम्पूर्ण खालका माया,मोह त्याग गरी विकास निर्माण र जनताको काममा खटिरहने छु । म मेरो जिम्मवारीमा रहेर यस आर्थिक वर्षको वार्षिक वजेट यस सम्मानित सभामा प्रस्तुत गर्दा सवै जनप्रतिनिधि ज्यूहरुका ईच्छा आकांक्षा सोचे अनुरुप पुरा हुन सक्छन वा सक्दैनन् यो मेरो कमजोरी नभई हामी संग प्राप्त हुने स्रोत साधनको अभाव होला, हामीसंग प्राप्त हुने स्रोत साधनको अभावकै विचमा रहेर स्रोत अनुमान तथा वजेट निर्धारण समितिवाट प्राप्त वजेट सिमाका परिधिभित्र रही मैले आगामी आर्थिक वर्ष २०८०।०८१ को वजेट प्रस्तुत गरेको छु ।

देश संघीय संरचनामा गैसकेपछी जनताले नजिकवाट सरकार संग आफ्ना माग, आवश्यकता, चाहानाहरु सजिलै संग राख्र सक्रे अवस्था सिर्जना भएको छ, जुन सवैका लागी सुःखद पक्ष हो ।

तसर्थ यो व्यवस्थालाई मजवुद वनाई आगामी कार्यदिसा जनता केन्द्रित वनाउनु सिंगो गाउँपालिका र जनप्रतिनिधिका लागी चुनौतिको विषय बनेको छ, यद्यपि कुशेमा प्रकृतिले वरदान स्वरुप दिएका थुप्रै सम्भावनाहरु हामीसंग छन । जल, जमिन,खनिज,जडिवुटी लगायत थुप्रै प्राकृतिक स्रोतहरु परिचालन गर्न सकेमा गाउँपालिकाले विकासका सम्भावनाहरुलाई मुर्तरुप दिन सक्छ भन्ने विश्वास लिएको छु । उक्त सन्दर्भलाई आत्मासाथ गर्दै भावि कार्यदिसा,गाउँपालिकाको आवश्यकता र जनताको विकासको माग अनुरुप वजेट विनियोजन गरीएको व्यहोरा यस सभा समक्ष अवगत गर्न चाहन्छु ।

यो कुशे गाउँपालिका क्षेत्र प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा पर्यटकीय महत्वका दृष्टिले अत्यन्त सवल सम्भावना बोकेको भएता पनि समग्र आर्थिक सामाजिक विकास र प्रक्रियालाई अघि बढाउन हाम्रा सामु थुप्रै चुनौतिहरु रही आएका छन । तापनी स्रोत साधनको अभावका विचमा आगामी वर्षको वजेट प्रस्तुत गर्न गईरहेको छु ।

**सभा अध्यक्ष एवं सभाका सदस्य ज्यूहरु**

अव म यस कुशे गाउँपालिकाको आ.व.२०७९।०८० को वजेट समिक्षा गर्न गईरहेको छु ।

**(क) आर्थिक विकास :**

आन्तरिक आय तर्फ :

१. आन्तरिक आय वृद्धि गर्न सम्भाव्य क्षेत्रहरुको अध्ययन तथा पहिचान गरेको छ ।
२. करको दर भन्दा करको दायरा वढाउने नीतिलाई प्राथमिकताका साथ अगाडी वढाईएको छ
३. कर संकलन कार्यलाई पारदर्शि र व्यवस्थित वनाईएको छ ।

कृषि तर्फ

१. यस पालिकाका किसानहरुको तथ्याकं संकलन गरी ३००० किसानहरुको सुचिकरण गर्ने कार्य सम्पन्न गरीएकोछ र आगामी आ.व. पनि उक्त कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
२. यस पालिका वडा नं ४, ६ र ७ मा ओखर पकेट र वडा नं ४ र ५ मा सुन्तला पकेट क्षेत्र विस्तारमा गरेको छ ।
३. यस पालिकामा गठन भएका समुह सहकारीहरुद्धारा व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्न कृषि पकेट कार्यक्रम चालु आ.व.मा सञ्चालन गरीएको छ ।
४. यस पालिकामा दलहन प्रर्वद्धन कार्यक्रमको लागि केराउ र मसुरोको बिउ वितरण गरेको छ ।
५. अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन गरेको छ ।
६. यस पालिकामा अगुवा कृषकहरुलाई व्यवसायिक खेति प्रणाली तरकारी खेति र फलफुल खेति सम्बन्धि तालिम संचालन गरेको छ ।

**३) पशु विकास तर्फ :**

१. पशु स्वास्थ्य उपचार औषधि खरीद गरी वितरण गर्ने कार्य गरेको छ ।
२. यस पालिका वडा नं ५ मा बाख्रा पकेट कार्यक्रम सञ्चालन गरीएको छ ।
३. रेविज रोगलाई नियन्त्रण गर्न पालिकामा रहेका कुकुरहरुलाई प्रत्येक वर्ष वस्ति स्तरमा प्राविधिक खटाई रेविज खोप लगाउने कार्य गरीएको छ ।
४. यस पालिकाका सबै वडाहरुमा भेडा बाख्रालाई पी पी आर खोप संचालन गरिएको छ ।
५. महामारीको रुप लिएको लम्फी स्किन डिजिज रोगथामको लागि औषधि खरिद तथा उपचार परामर्श गरिएको छ ।

**४) सहकारी र वित्तीय क्षेत्र तर्फ :**

गाउँपालिकामा सहकारी संस्था संचालन तथा नियमन गर्ने ऐन पारित गरी गाउँपालिका सहकारी ऐन वमोजिम कार्य सञ्चालन गर्ने गरिएको छ । यस गाउँपालिकामा संचालित सहकारीहरुको वार्षिक प्रगती प्रतिवेदन पालिकामा पेश गर्ने व्यवस्था मिलाईएको छ ।

**ख) सामाजिक विकास**

**५) शिक्षा तर्फ :**

१. कुशे गाउँपालिकाको स्थानीय पाठ्यक्रम कक्षा १ देखि ८ सम्मको निर्माण भई पत्येक विद्यालयमा वितरण गरिएको छ ।
२. भगवती मा वि भेटुखानामा पुस्तकालय र मान्नेढुङ्गा मावि टालेगाउँमा विज्ञान प्रयोगशाला संचालनमा ल्याईएको छ ।
३. सरस्वती मा वि रिजापहाडा र नेपाल राष्ट्रिय माध्यामिक विद्यालय समकोटमा ICT ल्याब स्थापना गरिएको छ ।
४. विद्यालयका प्र अ तथा लेखापालहरुलाई लेखा सम्बन्धि क्षमता विकास तालिम संचालन गरिएको छ ।

५. आधारभूत तथा माध्यामिक तहका ICT फोकल पर्सनलाई क्षमता विकास सम्बन्धि तालिम संचालन गरिएको छ ।
६. शैक्षिक क्यालेन्डर निर्माण गरि प्रत्येक विद्यालय तथा सार्वजनिक कार्यालयमा वितरण गरिएको छ ।
७. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सम्बन्धि तालिम संचालन गरिएको छ ।
८. राष्ट्रपति रनिङ्ग सिल्ड तथा अध्यक्ष कप प्रतियोगिता संचालन गरिएको छ ।
९. कक्षा १ देखि कक्षा ५ सम्म एकीकृत पाठ्यक्रम सम्बन्धि तालिम संचालन गरिएको छ ।
१०. कुशे गाउँपालिकाका अब्बल शिक्षक तथा विद्यालय व्यवस्थापन समिति र विद्यालयमा सम्मान कार्यक्रम गरिएको छ ।
११. कुशे गाउँपालिकाका विद्यालय व्यवस्थापन समिति र कुशे गाउँपालिका अध्यक्ष बीच सामुदायिक विद्यालयमा शैक्षिक सुधारको लागि करार सम्झौता भएको छ ।

**६) स्वास्थ्य तर्फ :**

१. यस पालिका भित्रका गर्भवती तथा सुत्केरीहरुलाई सहज सरल तरिकाले विशेषज्ञ सेवाको पहुँचमा पुऱ्याउनको लागि एम्बुलेन्स सेवा संचालनमा ल्याइने छ ।
२. यस पालिकाको ४ वटा वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन गरिएको छ ।
३. सबै स्वास्थ्य चौकी तथा आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा वर्षमा २ पटक MSS र ४/४ महिनामा सुचाङ्कहरुलाई एकरुपतामा ल्याउनको लागि RDQA कार्यक्रम सम्पन्न गरिएको छ ।
४. यस पालिका भित्र रहेका ५ वटा स्वास्थ्य चौकीहरुमा कुपोशित भएका बालबालिकाहरुलाई सुपोशित बनाइएको छ ।
५. यस पालिका भित्र रहेका एकल महिला तथा गर्भवती महिलाहरु संग उपाध्यक्ष कार्यक्रम मार्फत २७२ जना सुत्केरी तथा एकल महिलाहरुलाई नुन, सावुन, नंकट, तेल र आवश्यकता अनुसार सवल वितरण गरेको छ । र किशोरीहरुको महिनावारी सहजताको लागि स्मार्ड कार्ड सहितको भेन्डिङ्ग मेसिन ५ वटा मा वि मा जडान गरि संचालनमा ल्याइएको छ ।
६. यस पालिकामा स्वास्थ्यको सुचाङ्कहरुलाई एकरुपता ल्याउनको लागि मासिक, चौमासिक, अर्धवार्षिक समिक्षा सम्पन्न गरिएको छ ।
७. गत आव भन्दा २०७९।०८० यस पालिकामा स्वास्थ्य संस्थाहरुमा सुत्केरीको संख्या बढेको छ ।
८. दुर्गम बस्तिहरुमा रहेका गरिव, जनजाती,सिमान्तकृत समूहका बालबालिकाहरुलाई पोषण सम्बन्धि प्रशिक्षण कार्यक्रम संचालन गरेको छ ।
९. यस पालिकाका सबै संस्थागत सुत्केरी महिलाहरुलाई नियमानुसार सुत्केरी तथा उत्प्रेरणा भत्ता उपलब्ध गराइएको छ ।
१०. यस पालिका भित्र रहेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई स्थानीय सरकारबाट यातायात स्वरुप रकम उपलब्ध गराइएको छ ।
११. सबै स्वास्थ्य संस्थाहरुमा SSBH को आर्थिक सहयोगमा स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ ।
१२. यस पालिका भित्रका सबै स्वास्थ्य संस्था तथा आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा नेपाल सरकारको सूचिकृतमा परेका निःशुल्क रुपमा वितरण सबै प्रकारका औषधिहरु उपलब्ध गराइएको छ ।

१३. यस पालिका भित्र रहेका सबै बालबालिकाहरुलाई नियमित खोप लगाइएको छ ।

१४. विश्व महामारीको रुपमा रहेको कोभिड १९ को खोप तिन चरणमा नागरिकलाई लगाइएको छ ।

१५. यस पालिका भित्र संस्थागत सुत्केरी तथा होम डेलिभरी भएको महिलाहरुलाई पनि PNC Home भिजिट कार्यक्रम गरी मातृ मृत्यु तथा नवजात शिशुको मृत्युदरमा कम आएको छ ।

१६. कुशे गाउँपालिकालाई पुर्ण खोपयुक्त पालिका वनाउन नियमित खोप कार्यक्रमलाई निरन्तरता दिदै आईकोछ । आगामी वर्ष पनि पुर्णखोप पालिका घोषण गर्ने लक्ष्य लिएको छु ।

१७. यस पालिकामा रहेका स्वास्थ्य संस्थाहरुलाई पोषण मैत्री स्वास्थ्य घोषणा गर्नको लागि ३ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।

१८. यस पालिकामा रहेका गर्भवती महिलाहरुको अवस्थालाई ध्यानमा राखि २ दिने ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सम्पन्न गरिएको छ ।

१९. क्षयरोग सर्ने दरलाई कम गर्नको लागि संकास्पद वडाहरुमा घरभेट ल्याब परिक्षण सम्पन्न गरिएको छ ।

२०. सबै बालबालिकाहरुलाई Growth Monitoring को दायरामा ल्याउनको लागि र कुपोषित बालबालिकाहरुलाई सूपोषित बनाउनको लागि यस पालिका भित्र रहेका विभिन्न १० ठाउँमा स्थानीय स्तरको जाउलो प्रवर्द्धन कार्यक्रम सम्पन्न गरिएकोछ ।

२१. यस पालिका भित्रका गर्भवती तथा सुत्केरी महिलाहरुको अवस्थालाई मध्य नगर गर्दै उक्त महिलाहरुलाई PPH बाट बचाउनको लागि Refrigerator (रेफ्रिजेरेटर) व्यवस्थापन गरिएको छ ।

२२. संस्थागत सुत्केरी भएका महिलाहरु र बालबालिकाहरुको लागि न्यानो झोला वितरण कार्यक्रम सम्पन्न गरिएको छ ।

**७) महिला विकास तर्फ :**

१. सुनौला हजार दिने आमाहरुको स्वास्थ्य अवस्थालाई मजवुद गर्न प्रत्येक वडामा पोषण कार्यक्रम संचालन गरेको र स्वच्छ खानेपानीको लागी फिल्टर वितरण गर्ने कार्य भएको छ ।

२. महिलाहरुको आय आर्जन र क्षमता विकास गर्न क्षमतामुलक कार्यक्रम सञ्चालन गरिएको छ ।

**८) वालविकास तर्फ :**

१. कुशे गाउँपलिाकालाई वालमैत्री गाउँपालिका निर्माणको लागि यस क्षेत्रका वालवालिकाको क्षमता विकासको लागी विभिन्न किसिमका कार्यक्रम सञ्चालन गर्दै आएको पहाडी क्षेत्र विकास अभियान,सेभ द चिल्डेन र गाउँपालिकाको संयुक्त साझेदारी कार्यक्रम सञ्चालन गरिदै आएको छ । उक्त कार्यक्रम सञ्चालन गरी पालिकालाई सहयोग गर्ने पहाडी क्षेत्र विकास अभियान जाजरकोट र सेभ द चिल्ड्रेन संस्थालाई विशेष आभार प्रकट गर्न चाहान्छु । बालमैत्री स्थानिय शासन गाउँपालिका घोषणा गर्ने उद्धेश्य अनुरुप चालु आ.व. मा ५ र ९ नं वडालाई बालमैत्री स्थानीय शासन वडा घोषणा गरिएको छ ।

२. वालविवाह , वालश्रम, र वालवालिका सम्वन्धी ऐन , कार्यविधि ,नीति तथा रणनीति पास गरी कार्यान्वियनमा ल्याईएको छ ।

३. अपागंता भएका वालवालिकाको लागी सेभ द चिल्डेन,पहाडी क्षेत्र विकास अभियानको सहयोगमा ३ वटा र गाउँपालिकाको सहयोगमा ३ वटा गरी ६ वटा School at home कार्यक्रम नियमित सञ्चालन गरिएको छ ।

४. सवै वालविकास केन्द्रमा वालमैत्री कक्षाकोठा निर्माण गर्न कार्पेट , पि.फर्म.राउन्ड टेवल लगायत कक्षाकोठा व्यवस्थापन सामाग्री वितरण गरीएको छ ।

५. वालवालिकाको मौलिक हकलाई सुनिष्चित गर्न जन्मदर्ता अभियान सञ्चालन गरी पञ्जिकरणका सवै कार्य डिजिटाईजेसन गर्ने कार्य गरिएको छ ।

**९) अपागं तथा जेष्ठ नागरिक तर्फ :**

१. यस पालिकामा रहेका अपांग वाल वालिकाको तथ्यांक संकलन र अपागं परीचय पत्र वितरण गर्न सेभ द चिल्डेन र पहाडी क्षेत्र विकास अभियानको सहयोगमा र कुशे गाउँपालिकाको आयोजनामा घरंगा र टापुचौरमा शिविर संचालन गरिएको छ ।

**१०) न्यायीक तर्फ :**

१. न्यायीक समितिमा पर्न आएको उजुरी उपर स्वच्छ, निस्पक्ष छिटो छरितो रुपमा मेल मिलापको माध्यमबाट न्याय सम्पादन गर्ने कार्य गरिएको छ ।

२. न्यायिक समितिमा मेल मिलापको माध्यमबाट ७ वटा मुद्धा फच्र्यौट गरिएकोछ ।

**११) राहत तथा उद्धार तर्फ :**

पालिकामा रहेका स्वास्थ्य संस्थामा उपचार हुन नसकेका सुत्केरी तथा विरामीहरुलाई तत्काल हवाई तथा स्थल मार्गबाट उद्धार गर्ने कार्य गरिएको छ ।

**ग) पूर्वाधार विकास तर्फ :**

पर्यटन तर्फ मन्दिर निर्माण १० वटा, मसानघाट निर्माण २ वटा, शिक्षा तर्फ बालबिकासको भवन निर्माण १ वटा, दुई कोठे भवन निर्माण ७ वटा तिन कोठे भवन निर्माण १ वटा चार कोठे भवन निर्माण ६ वटा दुई कोठे सौचालय निर्माण ३ वटा

फर्निचर निर्माण तथा मर्मत २ वटा भवन मर्मत ७ वटा खानेपानी २ वटा सडक तर्फ नयाँ सडक ट्रयाक निर्माण ९ कि मि सडक ट्रयाक स्तरोन्नती ८ कि मि घोरेडो बाटो निर्माण ८ कि मि पुल तर्फ १ झोलुङ्गे पुल निर्माण निर्माण गरिएको छ ।

**सभा अध्यक्ष तथा सभा सदस्य ज्यूहरु**

अब म यस कुशे गाउँपालिकाको आ.ब. २०८०/०८१ को वजेटका उद्देश्य तथा प्राथकिता प्रस्तुत गर्न अनुमति चाहन्छु ।

वजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गरेको छु ।

१. नागरीकका मौलिक हक र अधिकारका रुपमा रहेको आश्यकताहरु सिघ्र परिपुर्ति गर्दै जीवनस्तरमा गुणात्मक सुधार गर्ने ,

२. उपलब्ध स्रोत साधन,अवसर क्षमताको उच्चतम उपयोग तथा न्यायोचित वितरण गर्दै सामाजिक न्याय सहितको आर्थिक विकास गर्ने, राष्ट्रिय लक्ष्यलाई पुरा गर्न अधिकतम प्रयास गर्ने ,

३. आर्थिक भौतिक तथा सामाजिक पुर्वाधार विकास गरी सन २०३० सम्म मा मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्ने राष्ट्रिय लक्ष्यलाई पछ्याउदै समुन्नत र समृद्ध सामाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला तयार गर्ने ।

४. यस पालिका भित्रका वालवालिकाहरुको अधिकारलाई सुनिश्चित गर्न वालमैत्री पालिका वनाउन वालकेन्द्रित कार्यक्रमहरु सञ्चालन गर्ने ।

माथि उल्लेखित वजेटका उद्देश्यहरु हासिल गर्न देहायअनुसार नीतिगत, कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छ।

१. चरम गरिवी अन्त्य र पिछडीएका क्षेत्र वर्ग र समुदायको उत्थान गर्दै सामाजिक सुरक्षा विस्तार सहित लोक कल्याणकारी राज्य व्यवस्था निर्माणमा सहयोग पुर्याइने छ।
२. भौतिक पुर्वाधार तर्फ प्रत्येक वडा वस्तिहरुमा सडकको स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ।
३. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न गाउँपालिका शिक्षण अनुदानलाई निरन्तरता दिईएको छ।
४. स्वास्थ्य क्षेत्रका सुचकहरुलाई सकरात्मक दिसा उन्मुख गराउन तथा वालमैत्री शासन स्थापना गर्न गर्भवती, एकल महिला र किशोरी संग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिईने छ।
५. कृषि र पशुजन्य वस्तू उत्पादन तथा व्यावसायिकरण र बजारिकरणलाई कृषक मैत्रि वनाउन अनुदान प्रणाली अवलम्वन गरिनेछ।
६. वालवालिकाको अधिकार उल्लंघन, बालबचाउ, बालसंरक्षण र वालविकास तथा वाल सहभागीताको सुनिश्चित गर्न सेभ द चिल्ड्रन, पहाडी क्षेत्र विकास अभियान र पालिकाको साझेदारीमा वालकेन्द्रित कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइने छ।
७. वालअधिकारको प्रवर्द्धन गर्न वालवालिका सहित सवलिकृत र सक्षम नागरीक समाज परीचालन गर्ने व्यवस्था मिलाइएको छ।
८. अति बञ्चितिकरणमा परेका र जोखिममा रहेका परिवारका बालबालिकाहरुलाई शिक्षित, संरक्षित गर्ने र उनीहरुको परिवारलाई आर्थिक रुपले सवल बनाउने कार्यलाई निरन्तरता दिइनेछ।
९. विद्यालयको शैक्षिक वातावरणमा सुधार गर्न जोड दिइनेछ।

**यस आर्थिक वर्षका लागि कूल ५४ करोड, ३७ लाख ९१ हजार ५ सयको वजेट प्रस्तुत गरेको छु। जस मध्ये आयका श्रोत यस प्रकार रहेका छन।**

१. नेपाल सरकार बाट प्राप्त अनुदान

क) बित्तीय समानीकरण तर्फ रु ८ करोड, ६९ लाख

ख) शर्सत अनुदान तर्फ चालु रु २३ करोड, ४४ लाख

ग) शसर्त अनुदान पूँजीगत तर्फ रु ६२ लाख

घ) राजस्व वाडँफाड तर्फ रु ९ करोड ८५ लाख ८६ हजार ५ सय

ङ) विशेष अनुदान तर्फ रु ८५ लाख

च) समपुरक अनुदान तर्फ ५० लाख

२. प्रदेश सरकार बाट प्राप्त अनुदान

क) बित्तीय समानीकरण रु ९३ लाख, १७ हजार

ख) सशर्त अनुदान रु ४ करोड ३९ लाख ५ हजार

घ) विशेष अनुदान रु ८० लाख

ङ) समपुरक अनुदान रु १ करोड ८१ लाख

च) प्रदेश राजस्व वाँडफाँड रु ५ लाख

३.आन्तरिक आम्दानि

क) आन्तरीक राजस्व अनुमानित रु ४३ लाख ८३ हजार

ख) गत वर्षको अल्या अनुमानित रु २ करोड

**आदरणीय गाउँ सभाका अध्यक्ष, तथा सदस्यज्यूहरु**

अव म आ.व.२०८०।०८१ मा हुने सम्पूर्ण व्यय तर्फको बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु, ।

१) चालु तर्फः

अनुसूचि ३ बमोजिमका शिर्षकहरुमा रहेर गाउँपालिका तथा सम्पुर्ण वडा कार्यालयहरुको वार्षिक चालु प्रकृतिका सम्पूर्ण खर्च, कर्मचारी र पदाधिकारीहरुको पारिश्रमिक तथा सेवा सुविधा तथा उच्च मनोबलका साथ काम गर्ने बाताबरण निर्माणका लागि रु ९ करोड ९० लाख ८६ हजार ५ सय विनियोजन गरेको छु ।

२) शर्शत अनुदान तर्फको खर्चः

यस गाउँपालिका भित्र समाहित भएका शिक्षक तथा स्वास्थ्य कर्मीहरुको तलव भत्ता तथा अन्य सुविधाहरुको व्यवस्थापन गर्न संघीय सरकारवाट प्राप्त सर्शत अनुदान चालु र पूँजिगत गरी एकमुष्ट रु २४ करोड ६ लाख विनियोजन गरेको छु ।

संघीय सरकारसंग विभिन्न शिर्षकमा माग गरिएका योजनाहरुको एकमुष्ट प्राप्त भएको विशेष अनुदान रु ८५ लाख समपुरक अनुदान रु ५० लाख गरि एकमुष्ट अनुदान रु १ करोड ३५ लाख समावेश गरेको छु ।

**३) प्रदेश विशेष, समपुरक र सशर्त अनुदान**

कर्णाली प्रदेश सरकारसंग विभिन्न शिर्षकमा माग गरिएका योजनाहरुको एकमुष्ट प्राप्त भएको विशेष अनुदान रु ८० लाख समपुरक अनुदान रु १ करोड ८१ लाख र शसर्त अनुदान रु ४ करोड ३९ लाख ५ हजार गरी एकमुष्ट ७ करोड ५ हजार समावेश गरेको छु ।

**४) सार्वजनिक निर्माण खर्च :**

यस कुशे गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि सम्पूर्ण क्षेत्रमा बाँडफाँड गरेको रकमलाई सार्वजनिक निर्माण खर्च अन्तर्गत राखिएको छ । यस शिर्षकमा रु १२ करोड विनियोजन गरेको छु ।

**श्रद्धेय सभा अध्यक्ष तथा गाउँ सभाका सदस्य ज्यूहरु**

अव म सार्वजनिक निर्माण अन्तर्गत विनियोजन गरेको कुल रकमलाई अनुसूचि ५ बमोजिमको शिर्षकमा राखी छुट्टा छुट्टै शिर्षकमा विनियोजन गरेको रकम प्रस्तुत गर्न चाहान्छु ।

**क) आर्थिक विकास**

विकास र समृद्धिको यात्रामा अर्थ क्षेत्रको ठुलो महत्व रहन्छ । गरिवी घटाउन आर्थिक गतिविधि संचालन गर्न जनतालाई सम्पतिको मालिक बनाउन ,कृषि, पशुपालन उद्योग वाणिज्य क्षेत्रलाई मजवुत र सुदृढ बनाउन हामी चाहान्छौं ।

तसर्थ आर्थिक विकास तर्फ कुल रु ५९ लाख  विनियोजन गरेको छ्। जस मध्ये कृषि विकास तर्फ रु १० लाख, पशु पंक्षी विकास तर्फ रु १० लाख, पर्यटन तर्फ रु ४ लाख, स्वरोजगार तर्फ रु ३ लाख,  सहकारी तर्फ रु १५ लाख र सिचाई तर्फ रु १७ लाख विनियोजन गरेको  छ्।

**ख) सामाजिक विकास**

सामाजिक क्षेत्रको विकासबाट कुशे गाउँपालिकाको समग्र विकास हुने भएकोले सामाजिक विकासमा  विशेष जोड दिएको छ्। सामाजिक विकास तर्फ कुल रु ५ करोड  ४३ लाख ५० हजार  विनियोजन गरेको छ्। जस मध्ये शिक्षातर्फ रु ३ करोड ९८ लाख ५० हजार, स्वास्थ्य तर्फ रु ३० लाख,  महिला विकास कार्यक्रम तर्फ रु १० लाख, बालबालिका तर्फ वालविकास तथा अन्य कार्यक्रम संचालन गर्न रु ११ लाख  ५० हजार, जेष्ठ नागरिक सहयोग कार्यक्रम तर्फ रु ३ लाख , अपागंता भएका वालवालिका परीवारलाई स्वास्थ्य विमा तथा अपागंता स्वास्थ्य शिविर कार्यक्रममा रु ३ लाख  ५० हजार खानेपानी तथा सरसफाई तर्फ रु  ४६ लाख, संस्कृति प्रवर्द्धन तर्फ रु २६ लाख र खेलकुद तथा मनोरञ्जन तर्फ रु १५ लाख रुपैया विनियोजन गरेको छ्।

**ग) पुर्वाधार विकास**

गाउँपालिकामा रहेका सडकहरुको विकास र दिगोपन ल्याई सुरक्षित आवगमनको लागी मालुमेला साँधिबिसाउना, बाटुल्ले टापुचौर साँधिबिसाउना र साँधिबिसाउना गाउँपालिका सडक स्तरोन्नति यसै वर्ष गरिनेछ। समग्र विकासको लागि पुर्वाधार विकास तर्फ कुल रु ३ करोड ७२ लाख  ५० हजार रुपैया विनियोजन गरेको छ्। जस मध्ये स्थानीय सडक तर्फ रु ३ करोड २ लाख, पुल तथा झोलङ्गे पुलं तर्फ रु २३ लाख ५० हजार, भवन तथा शहरी विकास तर्फ रु २२ लाख र  संचार तर्फ रु २५ लाख विनियोजन गरेको छ्।

**घ) वातावरण तथा विपद् व्यवस्थापन**

कुशे गाउँपालिकाको विपद् व्यवस्थापन तर्फ कुल रु ३० लाख  विनियोजन गरेको छ्। यस गाउँपालिका भित्र रहेको विपद् राहत तथा उद्धार कोषमा आपतकालीन राहत तथा उद्धार गर्न  रु २० लाख, तटबन्धन तर्फ १० लाख विनियोजन गरेको छ्।

**ङ) संस्थागत विकास सेवा प्रवाह र सुशासन**

जनतालाई दिने सार्वजनिक सेवा प्रवाह चुस्त र दुरुस्त वनाउन सार्वजनिक सुनुवाई कायक्रम संचालन गरिने छ। समता, समानता, न्याय , सहभागिता, पारदर्शिता, अभिव्यक्ति स्वतन्त्रता तथा सार्वजनिक महत्वका विषयमा जनताले सूचना प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न कार्यालयले सम्पादन गरेका कार्य सार्वजनिक गर्न आवश्यक व्यवस्था मिलाइने छ ।  सेवाग्राहीमैत्री सेवा प्रवाह, क्षतिपूर्ति सहितको सेवा, जिम्मेवारी बोध सहितको सेवाको प्रत्याभूति गरिने छ। यिनै पक्षको सुदृढिकरणका लागि संस्थागत विकास सेवाप्रवाह र सुशासनतर्फ कुल रु २ करोड २५ लाख विनियोजन गरेको छ्।

लामो समय साविकका गाउँविकास समितिमा करारमा कार्यरत कर्मचारी तथा यस गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको सेवाको सुरक्षाको लागी कर्मचारी कल्याण कोषलाई कानून बनाई कार्यान्वयनमा ल्याइने छ।

**सभा अध्यक्ष तथा सभा सदस्यज्यूहरु**

माथि उल्लेख गरिएका सार्वजनिक निर्माण अन्तर्गत रहेका नितान्त प्राबिधिक विषय र खरिद गर्नुपर्ने सामग्री बाहेक सबैमा प्रत्येक सार्वजनिक निर्माण शिर्षकमा छुट्याईएको कुल रकमको १ प्रतिशत विपदकोष र ४ प्रतिशत कन्टेन्जेन्सी रकम र अन्य निर्माणमा ६ प्रतिशत, सडक तर्फ १५ प्रतिशत श्रमदान वा जनसहभागितालाई समेत वजेटमा समाहित गरेको छु । साथै संघीय सरकार ,प्रदेश सरकार र अन्य संघ ,संस्था तथा सेभ द चिल्ड्रेन पहाडी क्षेत्र विकास अभियानसँगको साझेदारीमा योजना र कार्यक्रम संचालन गर्न समपुरक कोषमा विशेष जोड दिईएको छ ।

यस गाउँपालिकाको आफ्नो स्रोत साधनले गर्न नसक्ने योजना तथा कार्यक्रम संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासंग उचित पहल गरिनेछ ।

यो बजेट कुशेबासीको सकारात्मक सोच,जनप्रतिनिधीको साथ र राष्ट्रसेवक कर्मचारीहरुको लगाव ले कार्यान्वयन हुनेछ । जसको कार्यान्वयन बाट संस्थागत सुधार आयमा वृद्धि भई उन्नतिको पथमा कुशेले फड्को मार्नेमा विश्वास लिएको छु ।

प्रस्तावित कार्यक्रम बाट गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाहमा गुणात्मक सुधार आई सुशासन वृद्धिमा सहयोग पुग्ने बिश्वास लिएको छु ।

**सभाध्यक्ष तथा सभा सदस्य ज्युहरु**

माथि विनियोजित वजेट अन्तर्गत वस्ति वडा तथा विषयगत र एकिकृत हुँदै प्राथमिकतामा परेका योजनाहरुको सफल कार्यान्वयनको लागी डिजाईन स्टीमेट,विस्तृत परियोजना प्रतिवेदनका आधारमा यहाँहरु सवैको रचनात्मक सुझाव कार्यपालिकाको पुर्ण वैठकवाट पारदर्शी र सवै वडा हरुमा सन्तुलित रुपमा वजेट खर्च गर्न आवश्यक कार्यविधि , नीति नियम हरु निर्माण गरी कार्यन्वयन गर्ने व्यवस्था गर्नेछु ।

अन्तमा प्रस्तावित वजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव प्रदान गर्ने गरी सहयोग गर्नुहुने सम्पुर्ण वौद्धिक वर्ग, विषयगत समितिका सदस्यज्युहरु, कार्यपालिका सदस्यज्युहरु, वडा समितिका सदस्यज्युहरु, संघ संस्थाका प्रतिनिधिज्युहरु राजनीतिक दलका प्रतिनिधि ज्यूहरु र कर्मचारी साथिहरु तथा सम्पुर्ण कुशेवासीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । कार्यक्रमको सफल कार्यन्वयनमा स्थानीय समुदायको ठुलो भुमिका हुने भएकोले स्थानीय समुदायले अपनत्व ग्रहण गरी यसको कार्यन्वयनमा सहयोग पुर्याउने अपेक्षा लिएको छु ।

आर्थिक वर्ष २०८०/०८१ को वजेट योजना तथा कार्यक्रम कार्यान्वयनमा गाउँबासी, नेपाल सरकार,राजनैतिकदलहरु,नागरिक समाज,गैर सरकारी संघ संस्था बैदेशिक दातृ संस्था र कर्मचारी लगायत सबै बाट सहयोगको अपेक्षा राखेको छु ।

धन्यवाद ।

देविका कुमारी सिंह
उपाध्यक्ष तथा संयोजक
वजेट तथा कार्यक्रम तर्जुमा समिति
२०८० असार १० गते